**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. उपराष्ट्रपति सी पी राधाकृष्णनले आज नयाँ दिल्लीमा 18 औं सिविल सेवा दिवसको अवसरमा सिविल सेवकहरूलाई सम्बोधन गर्नुहुनेछ।

२. भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज सिलिगुडीको सुकना खेल मैदानमा एक विशाल र्यालीलाई सम्बोधन गर्नुहुनेछ।

३. पश्चिम बंगाल विधानसभा चुनाव २०२६ को पहिलो चरणको प्रचारको आज अन्तिम दिन हो। पहिलो चरणमा १६ जिल्लाका १५२ निर्वाचन क्षेत्रमा २३ अप्रिलमा मतदान हुँदैछ ।

४. मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालमा स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोगले सबै प्रयास गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

५. खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाको पक्षमा खरसाङमा आज शक्ति प्रदर्शन गर्ने भएको छ।

**उपराष्ट्रपति-सिविल सेवक दिवस**

उपराष्ट्रपति सी पी राधाकृष्णनले आज नयाँ दिल्लीमा 18 औं सिविल सेवा दिवसको अवसरमा सिविल सेवकहरूलाई सम्बोधन गर्नुहुनेछ। कार्मिक, लोक शिकायत तथा पेन्सन मन्त्रालयअन्तर्गतको प्रशासनिक सुधार तथा सार्वजनिक लोक शिकायत विभागले कार्यक्रम आयोजना गरेको हो । यस वर्षको कार्यक्रमको विषय "विकसित भारत: नागरिक केन्द्रित शासन र अन्तिम माइलमा विकास" हो। यस अवसरमा कार्मिक, लोक शिकायत र पेन्सन राज्य मन्त्री डा. जितेन्द्र सिंह, सूक्ष्म, साना तथा मध्यम उद्यम मन्त्री जितनराम मांझी, स्वास्थ्य एवम् परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डा र कृषि एवम् किसान कल्याण मन्त्री शिवराज चौहानले पनि सभालाई सम्बोधन गर्नुहुनेछ।

**अमित शाह रैली – सिलीगुड़ी**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज सिलिगुडीको सुकना खेल मैदानमा एक विशाल र्यालीलाई सम्बोधन गर्नुहुनेछ। यस र्यालीमा उहाले आठ विधानसभा निर्वाचन क्षेत्रहरू दार्जिलिङ, कालिम्पोङ, कार्सियाङ, सिलिगुडी, माटिगाडा-नक्सलबाड़ी, फांसिदेवा र फुलबारी-डबग्राममा प्रचार गर्नेछन्। पहिलो चरणको मतदान २३ अप्रिलमा हुनेछ। यस्तै श्री शाहले पश्चिम बर्धवान जिल्लाको कुल्ती, पश्चिम मेदिनीपुरको सालबोनी र पूर्व मेदिनीपुरको चण्डीपुरमा तीन र्यालीहरूलाई पनि सम्बोधन गर्नुहुनेछ। तृणमूल कांग्रेस-टीएमसी प्रमुख र मुख्यमन्त्री ममता बनर्जीले दक्षिण बंगालको हल्दिया, ब्यारेकपुर, जगदल र जोडसांकुमा चार जनसभालाई सम्बोधन गर्नुहुनेछ। विधानसभा चुनावको पहिलो चरणको प्रचार अभियान आज साँझ समाप्त हुनेछ। निर्वाचनलाई मध्यनजर गर्दै नेपाल–भुटानसँग जोडिएको राज्यको सीमा हिजो साँझदेखि २३ अप्रिल सम्म सिल गरिएको छ । यसबाहेक 20 अप्रिल अर्थात हिजोदेखि २३ अप्रिलसम्म चार दिने ड्राई डे लागू गरिएको छ । निर्वाचन आयोगले स्वतंत्र, निष्पक्ष र शान्तिपूर्ण चुनाव सुनिश्चित गर्न केन्द्रीय सशस्त्र प्रहरी बलको भारी तैनातीसहित सबै कडा सुरक्षा प्रबन्धहरू गरेको छ।

**नितिन नवीन**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले तृणमूल कांग्रेसले विधानसभा र संसदमा महिलालाई आरक्षण दिने केन्द्र सरकारको प्रयासको विरोध गरेर महिलालाई धोका दिएको आरोप लगाउनु भएको छ । उहाले भन्नुभयो यदि अल्पसंख्यक आरक्षणको मुद्दा हुन्थ्यो भने मुख्यमन्त्री ममता बनर्जी यसको समर्थनमा हिँड्थिन्। पूर्व

मेदिनीपुर जिल्लाको महिषादलमा एक चुनावी र्यालीलाई सम्बोधन गर्दै नितिन नवीनले भन्नुभयो, "राज्यका महिलाहरूले घुसपैठकर्ताहरूलाई संरक्षण गर्ने तर आफ्ना छोरीहरूलाई सुरक्षित राख्न असफल सरकारलाई पाठ सिकाउने समय आएको छ। उहाले भन्नुभयो, 'प्रधानमन्त्री नरेन्द्र मोदीले महिलाहरूलाई शासनमा उचित हिस्सा दिनका लागि नारी शक्ति वंदन ऐन ल्याए ताकि उनीहरूले ३३ प्रतिशत आरक्षण पाउन सकून्, जबकि तृणमूल कांग्रेसका सांसदहरूले यसको विरोध गरे।

**मुख्यमंत्री ममता बनर्जी**

पश्चिम बंगाल विधानसभा चुनावको प्रचारमा भाग लिइरहेका तृणमूल कांग्रेसकी प्रमुख तथा मुख्यमन्त्री ममता बनर्जीले हिजो वीरभूमको मुर्राईबाट तीन हप्तापछि तृणमूल कांग्रेसले राज्यमा फेरि सरकार गठन गर्ने विश्वास व्यक्त गर्नुभयो। भारतीय जनता पार्टीमाथि कडा हमला गर्दै मुख्यमन्त्री बनर्जीले भन्नुभयो, 'अहंकारको पतन निश्चित छ । बंगालमा जितेर हामी दिल्लीलाई पनि कब्जा गर्नेछौं । लोकतन्त्रले जित्छ । भाजपामाथि निशाना साध्दै उहाले, 'जो भाजपाका लागि काम गरिरहेका छन्, उनीहरूलाई भविष्यमा खोज्ने र जवाफ दिइने चेतावनी दिनुभयो । प्रधानमन्त्री नरेन्द्र मोदीको हालैको झलमुडी घटनाप्रति कटाक्ष गर्दै ममता बनर्जीले, 'जतिसुकै नाटक गरे पनि जनताले सबै कुरा बुझ्छने र चुनाव परिणाम तृणमूलको पक्षमा आउने बिस्वास व्यक्त गर्नुभयो ।

**पश्चिम बंगाल - चुनाव प्रचार**

पश्चिम बंगाल विधानसभा चुनाव २०२६ को पहिलो चरणको प्रचारको आज अन्तिम दिन हो। पहिलो चरणमा १६ जिल्लाका १५२ निर्वाचन क्षेत्रमा २३ अप्रिलमा मतदान हुँदैछ । निर्वाचन आयोगले ४८ घण्टा शान्तिपूर्ण अवधि र ड्राई डे सहित कडा नियमहरू लागू गरेसँगै सबै प्रमुख दलका नेताहरूले राज्यभरि र्यालीहरू गरिरहेका छन्। हालसम्मको आधिकारिक तथ्याङ्कअनुसार यस चरणमा ३ करोड ६० लाख ७७ हजार १ सय ७१ मतदाता मतदान गर्न योग्य छन् । न्यायाधिकरणले योग्य मतदाताहरूको अन्तिम सूची पेश गरेपछि यी तथ्याङ्कहरू संशोधन गरिनेछ। यसैबीच निर्वाचन आयोगले मतदानअघि सुरक्षा व्यवस्थामा कडाइ गरेको छ । पहिलो चरणका लागि ८ हजारभन्दा बढी बुथलाई अति संवेदनशील घोषणा गरिएको छ । केन्द्रीय बल, निगरानी टिम र त्वरित प्रतिक्रिया इकाइहरुको तैनाथी बढाइएको छ । अधिकारीहरूका अनुसार, यसको उद्देश्य स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्नु हो। सीमा क्षेत्रमा कडा निगरानी आदेश दिइएको छ र कुनै अप्रिय घटना नहोस् भनेर केही क्षेत्रहरू सिल गरिएको छ।

**मुख्य निर्वाचन आयुक्त - चुनाव**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालमा स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोगले सबै प्रयास गर्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले निर्वाचन प्रक्रिया पूर्णरुपमा भयरहित, हिंसामुक्त र दबाबमुक्त हुने बताउनुभयो । राज्य सरकार, स्थानीय निकाय वा स्वायत्त निकायका कुनै पनि कर्मचारीले निर्वाचन प्रक्रियालाई प्रभाव पार्न नपाइने पनि विधेयकमा उल्लेख छ । राज्यमा पहिलो चरणको मतदान २३ अप्रिलमा तथा दोस्रो चरणको मतदान २९ अप्रिलमा हुनेछ भने मतगणना मे ४ मा हुनेछ ।

**पश्चिम बंगाल - बल तैनाती**

निर्वाचन आयोगले २३ अप्रिलमा हुने पश्चिम बङ्गाल विधानसभा चुनावको पहिलो चरणका लागि १५२ निर्वाचन क्षेत्रमा 2 हजार 193 त्वरित प्रतिक्रिया टोली तैनाथ गर्ने घोषणा गरेको छ। यी टोलीहरूले कुनै पनि अशान्तिको घटनालाई सम्बोधन गर्न तत्काल कारबाही गर्नेछन्। संवेदनशील जिल्ला, अशान्त क्षेत्र र राज्यसँग सीमा जोडिएका क्षेत्रमा विशेष ध्यान दिइएको छ ।

**कालेबुङ**

आगामी २३ अप्रिल २०२६ मा हुने विधान सभा चुनावलाई लक्षित गर्दै कालेबुङ जिल्लामा सवारी साधन सञ्चालनमा विशेष प्रतिबन्ध लगाइएको छ। प्रशासनले शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न सुरक्षा व्यवस्थामा कडाइ गरेको हो। जिल्ला पुलिस प्रशासनका अनुसार मतदानको अघिल्लो दिनदेखि नै अनावश्यक सवारी आवतजावतमा नियन्त्रण गरिने छ। विशेषगरी मतदान केन्द्र वरपर निजी तथा सार्वजनिक सवारी साधन प्रवेशमा रोक

लगाइनेछ। आवश्यक सेवाका सवारीबाहेक अन्य गाडीहरूलाई निश्चित अनुमति बिना सञ्चालन गर्न नदिने निर्णय गरिएको जानकारी छ।

**चुनाव प्रचार प्रसार**

दार्जिलिङ पाहाडका विभिन्न राजनैतिक दलहरुले २३ अप्रिलमा हुन गइरहेको विधान सभा चुनावको लागि पाहाडका तीन निर्वाचन क्षेत्रहरू दार्जिलिङ, खरसाङ र कालेबुङमा आ-आफ्ना उम्मेद्वारहरुको लागि चुनावी प्रचार-प्रसार तीव्र बनाएका छन्। यसै क्रममा, भागोप्रोमोले जीटीए क्षेत्रको बिभिन्न समस्तीहरुमा आफ्नो उम्मेदवारहरुको पक्षमा प्रचार गरिरहेका छन्| यसरी नै, भारतीय जनता पार्टी एव गठबन्धनका उम्मेदवारहरुको पक्षमा दार्जिलिङ खर्साँग तथा कालेबुंगको बिभिन्न क्षेत्रहरुमा पथसभा सगै घरदैलो अभियान गरिरहेको छ | अर्कोतर्फ दिल्ली तथा कोलकताको बैशाखीबिना अघि आउनुपर्ने नाराको साथमा इन्डियन गोर्खा जनशक्ती फ्रंडले पनि पहाडको तीनैवटा सीटमा चुनाव प्रचारलाई तिब्र पारेको छ |

**टर्च लाइट**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले हिजो साँझ खरसाङ बजारमा टर्च लाइट ऱ्यालीको आयोजना गरेको छ। उक्त टर्च लाइट ऱ्याली खरसाङको टुरिस्ट लजदेखि शुरु भएर खरसाङ बजार, वर्द्धमान रोड हुँदै मोटर स्ट्याण्ड पुगेर समाप्त भयो। ऱ्याली खरसाङ विधानसभा समष्टिको लागि पार्टीका उम्मेदवार अमर लामा, जीटीएका भाइस चेयरम्यान राजेस चौहान, सभासद श्याम शेर्पा आदि पनि सामेल थिए। ऱ्यालीमा भागोप्रमो कार्यकर्ताहरूले टर्च लाइट बोकेका थिए। उनीहरूले अमर लामालाई जिताउन आह्वान् गरे। यसतै दार्जिलींग बजार लगायत पहाडको विभन्न स्थानहरुमा पनि टर्च लाइट ऱ्यालीको आयोजना गरियो ।

**शक्ति प्रदर्शन**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाको पक्षमा खरसाङमा आज चुनाव प्रचार गर्दै शक्ति प्रदर्शन गर्ने भएको छ। उक्त चुनावी रैली खरसाङको मोटर स्ट्याण्डबाट शुरु भएर खरसाङ बजार परिक्रमा गर्दै पुनः मोटर स्ट्याण्डमा आएर चुनावी पथसभामा परिणत हुने भएको छ भने सभालाई भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको अध्यक्ष एवं जीटीए प्रमुख अनित थापा र महासचिव एवं खरसाङ विधानसभा समष्टिको उम्मेद्वार अमर लामाले सम्बोधन गर्ने भएका छन्।

*********